मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष २ मल्लरानी, श्रावण ४ गते, २०७५ साल (अतिरिक्तांक १)

## भाग–१

स्थानीय सरकार सञ्चालन ऐन को दफा २०७४ को १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अध्यक्ष विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

कार्यपालिकाबाट परित मिति : २०७५/०४/०४

## परिच्छेद–१

**प्रस्तावना :**

मल्लरानी गाउँपालिकाको मिति २०७५/४/१० गाउँसभाद्वारा पारित अध्यक्ष विशेष कार्यक्रम मार्फत गाउँपालिका क्षेत्रभित्रमा शिक्षा, कृषि, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चार, विपन्न परिवार, बालबालिका, हिंसा पीडित महिलाहरुका लागि योजना अनुदान लगायत अन्य क्षेत्रहरुका लागि वडा कार्यालय तथा गाउँपालिकाको योजना र कार्यक्रममा समावेश हुन नसकेका तथा तत्काल गर्नुपर्ने अधुरा योजना अध्यक्ष विशेष कार्यक्रमबाट गाउँपालिकामा परेका निवेदनका आधार र अध्यक्षको तोक आदेशमा अध्यक्ष विशेष कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यक परेमा गाउँ कार्यपालिकाबाट सुझाव लिई योजना तथा कार्यक्रमहरु समावेश हुने गरी अध्यक्ष विशेष कार्यक्रम सञ्चालन कार्यविधि २०७५ जारी गरिएको छ ।



Scanned with CamScanner

**प्रारम्भिक :**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम अध्यक्ष विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले मल्लरानी गाँउपालिकाको अध्यक्ष विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लाई सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले मल्लरानी गाँउपालिकाको कार्यालय, खलंगा प्युठानलाई सम्झनुपर्छ ।

**४. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "स्थानीय तह" भन्नाले मल्लरानी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैरनाफामूलक संस्थालाई सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ग) "निजी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

घ) उपभोक्ता भन्नाले : आयोजनाबाट लाभान्वित उपभोक्ताहरु लाई बुझिनेछ ।

## परिच्छेद २

**स्थापना, उद्देश्य र वर्गीकरण :**

४. अध्यक्ष विशेष कार्यक्रमको, स्थापना, उद्देश्य, सञ्चालन र व्यवस्थापन :

(क) स्थापना : मल्लरानी गाउँपालिकाको वडा कार्यालय तथा गाउँपालिका को कार्यक्रममा समावेश हुन नसकेका अधुरा योजना तत्काल गर्नुपर्ने कार्यक्रम सञ्चालनका लागि अध्यक्ष विषेश कार्यक्रमको स्थापना गरिएको हो ।

(ख) उद्देश्य : मल्लरानी गाउँपालिकामा रहेका सबै क्षेत्रमा शिक्षा, कृषि, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चार, सुशासन, विपन्न परिवार, बालबालिका, हिंसा पीडित महिलाहरुका लागि योजना तथा अनुदानमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) सञ्चालन विधि : मल्लरानी गाउँ कार्यपालिकाको सुझाव लिई अध्यक्षको निर्णय अनुसार कार्य सञ्चानल गरिनेछ ।

(घ) व्यवस्थापन : सबै कार्यक्रमको अनुगमन, आर्थिक नियमावली अनुसारको खर्चमा मितव्ययिता अपनाईने छ ।

५. कार्यक्रम सञ्चालन गर्न पूर्व स्वीकृति लिनुपर्ने :

(५.१) उपभोक्ता समूह, निजी संस्था तथा सामाजिक संस्थाहरुले कार्यक्रम सञ्चालन गर्न चाहेमा प्रचलित कानून, मापदण्ड र यस कार्यविधिको अधीनमा रही मल्लरानी गाउँपालिकाको पूर्व स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन भएका कार्यक्रमको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्वीकृति दिने सम्बन्धित मल्लरानी गाउँपालिकाको हुनेछ ।



Scanned with CamScanner

## परिच्छेद ३

**बजेटको व्यवस्था, अभिलेखीकरण र अनुगमन**

**६. बजेट व्यवस्था र खर्च गर्ने विधि :**

अध्यक्ष विशेष कार्यक्रम सञ्चालनमा कार्यक्रम तथा योजनाका लागि तोकिएको रकममा आधारित रहेर खर्च रकमको व्यवस्था गर्नुपर्ने हुन्छ । त्यस्तो बजेट तथा खर्च गर्दा लाभान्वित जनताको सर्वोत्तम हितलाई केन्द्र विन्दुमा राखी मात्र गर्नुपर्नेछ ।

**७. प्रगति र अभिलेखीकरण गर्ने :**

अध्यक्ष विशेष कार्यक्रमको सम्पूर्ण विवरण अद्यावधिक गरी राख्नुपर्नेछ । यो कार्यक्रमबाट सञ्चालन गरिएका योजनाहरु, कार्यक्रम र अनुदानको वार्षिक प्रगति गाउँसभामा छुट्टै पेश गरिनेछ ।

**८. सार्वजनिक सुनुवाइ वा सामाजिक परीक्षण गरिने :**

(१) अध्यक्ष विशेष कार्यक्रमको व्यवस्थापन बारे प्रत्येक वर्ष सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनुवाइ वा सामाजिक परीक्षण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्नेछ ।

**९. बजेट रकम व्यवस्थापन :** (१) अध्यक्ष विशेष कार्यक्रम सञ्चालनका लागि वजेट गाउँपालिकाको सभाबाट पारित प्राप्त रकमबाट व्यवस्थापन गरिनेछ ।

## परिच्छेद ४

**विविध:**

१०. अध्यक्ष विशेष कार्यक्रम सञ्चालन आवश्यकतानुसार सम्बन्धित विद्यमान कार्यविधि तथा मापदण्डको प्रतिकूल नहुने गरी आवश्यक विषयमा थप गरी सञ्चालन गर्न कार्यपालिकाको स्वीकृति लिई सञ्चालन गरिनेछ ।

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner